

# स्थानीय परिवेशलाई मिल्ने खालको नीति निर्माण गर्नुपर्दछ

भरत शर्मा, नगर प्रमुख
गल्कोट नगरपालिका

**० स्थानीय तहमा तपाई निर्वाचित भएर आइसकेपछि कसरी काम गरिरहनुभएको छ ?**

मेरो यो दोस्रो कार्यकाल हो। मैले पहिलो कार्यकालमा नगरपालिकालाई स्थानीय सरकारको निर्माण गर्दैगर्दा पूर्वाधारको पक्ष महत्वपूर्ण रह्यो। निर्वाचित भएर आउने बेलामा वडा भवनको अवस्था, विद्यालयहरूको अवस्था, नगरपालिकाको प्रशासनिक भवन थिएन। मैले भाडाको घरमा पदस्थापन गरेको हो। सवैको सहमतिमा मैले पहिलो कार्यकालमा अत्यन्तै चुनौतीको रुपमा सवैलाई 'एडजस्ट' गरेर प्रशासनिक भवनको लागि जग्गा व्यवस्थापन गरें। दोस्रो कार्यकालमा प्रशासनिक भवनको लागि स्रोत जुटाउने, स्रोत जुटाइसकेपछि ठेक्का प्रक्रियामा लाने कार्य पनि सम्भव भयो। संघीय सरकार र नगरपालिकाको सहलगानीमा प्रशासकीय भवन निर्माणका लागि टेण्डर आह्वान गऱ्यौं। टेण्डर आह्वानपछि निर्माण व्यवसायीले ठेक्का लिए पनि जुन गतिमा निर्माण गर्नुपर्ने हो, त्यो रुपमा निर्माण कार्य नहुँदा अझै निर्माण सम्पन्न हुन सकेको छैन। अहिले पनि हामीले भाडाकै भवनबाट कार्यालय सञ्चालन गरिरहेका छौं। ८ वटा गाविसहरूलाई मिलाएर ११ वटा वडामा विभाजन गरी बनाइएको नगरपालिकामा पूर्वगाविसमा संरचना भए पनि ती जीर्ण थिए। ती जीर्ण संरचनाबाट सेवा सुविधा उपलब्ध गराउन असुविधा थियो। त्यसो हुनाले हामीले सबै वडा कार्यालयहरू निर्माण गर्नतिर लाग्यौं र हामी करिब अन्तिम अवस्थामा आयौं। पहिलो प्राथमिकता यसरी पूर्वाधारका लागि गरियो।

दोस्रो प्राथमिकता हामीले स्वास्थ्य क्षेत्रलाई दियौं। हाम्रो ठाउँबाट राम्रो स्वास्थ्य सुविधा लिनको लागि पोखरा, काठमाडौं जानुपर्ने बाध्यता थियो। त्यसलाई न्यूनीकरण गर्नुपर्छ भनेर हामी लाग्यौं। यहाँ रहेका १३ वटा स्वास्थ्यचौकीहरूलाई आमूल परिवर्तन गरेर आधारभूत स्वास्थ्य सेवा प्रदान गर्ने अवस्थामा पुऱ्याएका छौं। साथै विशेषज्ञ सेवासहितको अस्पतालसमेत निर्माण गर्नुपर्छ भनेर हामीले ल्याबको सेवासहित नगर अस्पताल सञ्चालन गरेका छौं। गण्डकी प्रदेशअन्तर्गत स्थानीय तहहरूले सञ्चालन गरेका नगर अस्पतालहरू भन्दा करिब-करिब सेवा दिने हिसाबले हाम्रो नगर अस्पताल एक नम्बरमा आइसकेको अवस्था छ। दिनमा १२० देखि १५० जना बिरामीहरूलाई स्वास्थ्य सेवा प्रदान गरेको छ त्यो नगर अस्पतालले। हामीले अत्याधुनिक एक्सरे मेशिन र ल्याबमा पनि अधिकांश प्यारामिटर्ससहितको प्रयोगशाला स्थापना गरेका छौं। त्यसको साथसाथै हामीले यहाँ आवश्यक पऱ्यो भने 'सिजरिङ' गरेर पनि डेलिभरी गराउने व्यवस्था गरेका छौं। एक महिनामा चार जनाको 'सिजरिङ'को माध्यमबाट बच्चा जन्माउने कार्यसमेत सफल भइसकेको छ।

**० पर्यटन प्रवर्द्धनका लागि कसरी काम गरिराख्नुभएको छ ?**

हाम्रोमा विशेष गरेर जहाँ जे देखे पनि पर्यटन विकासका लागि काम गर्न सकिन्छ भन्ने चलन छ। तर प्राकृतिक कुरालाई मात्रै हेरेर पर्यटकीय क्षेत्रको विकास हुँदैन, त्यसलाई निर्माणको रुपमा समेत अगाडि बढाउनुपर्दछ। त्यसले हामीले गल्कोट नगरपालिकामा विशेष प्राथमिकतामा राखेर दुई वटा स्थानलाई एउटा घुम्टे लेक जुन गल्कोट नगरपालिकाको मुख्य लेक र त्यसैको काखमा रहेको अर्को ठाउँ छ, त्यसलाई हामीले अन्तर्राष्ट्रिय मूर्तिकला संग्राहलय भनेर नामाकरण गऱ्यौं। विभिन्न देशका मूर्तिकारहरूलाई ल्याएर हामीले त्यहाँ रहेका ठूला-ठूला ढुंगाहरूमा मूर्तिहरू कुँद्यौं। अहिले हामीले त्यसलाई पर्यटकीय स्थल गन्तव्यका रुपमा स्थापित गरिसकेका छौं। पर्यटन मन्त्रालयको सहकार्यमा हामीलाई बजेट विनियोजन पनि भयो, हामीले डिपिआर पनि गऱ्यौं। त्यसलाई अहिले गल्कोटको एउटा खुला मूर्तिकला संग्राहलय बनाइसकेका छौं। त्यस्तै कालिलेक, निलुवा, ऐतिहासिक गलकोट दरबार र गोलकोट मैदान भन्ने ठाउँ छ, जुन तत्कालीन राजाहरूले राज्य गरेको ठाउँ हो, त्यसलाई पनि हामीले धार्मिक दृष्टिकोणले पर्यटकीयरुपमा अगाडि बढाउन सकिन्छ भनेर त्यसलाई पुनर्निर्माण गरेर आकर्षक ठाउँको रुपमा विकास गरेका छौं। त्यहाँसम्म जाने सडक निर्माणको क्रममा पनि हामी छौं।

**० सरकारले सशर्त, समानीकरण र समपुरक भन्दै विभिन्न शीर्षकका रकम स्थानीय तहलाई पठाउँदा स्थानीय आवश्यकताअनुसारले काम गर्न गाह्रो भइरहेको छ भन्ने सुनिन्छ। संघीय सरकारले विनाशर्त कूल बजेटको ५० प्रतिशत रकम सिधै स्थानीय तहलाई छुट्याउनुपर्छ भन्ने सन्दर्भमा तपाईंको भनाई के छ ?**

यो एकदमै महत्वपूर्ण कुरा हो। स्थानीय तहले भोगिरहेको यो जल्दोबल्दो समस्या पनि हो। कतिपय हाम्रा यस्ता स्थानीय तह पनि छन्, उनीहरूलाई आन्तरिकरुपमा स्रोत जम्मा गर्न सम्भव छैन। किन सम्भव छैन भन्दा हाम्रो जस्तो ठाउँमा ठूला खोलानाला, गिटी बालुवा, खानी त्यस्ता छैनन्। त्यो पनि नेपालको सन्दर्भमा एउटा आम्दानीको स्रोत हो। हाम्रोमा ठूला-ठूला वन, सामुदायिक वनहरू, ठूला-ठूला रुखहरू पनि नभएको, त्यसबाट कर लिएर आम्दानी गर्ने स्थिति पनि छैन। व्यवसायबाट कर असुल गरौं भन्दा त्यस्ता ठूला व्यवसायी पनि छैनन्। गाउँका सामान्य बजारहरू छन् मान्छे नभएका। घरबहालबाट हामी राम्रोसंग आम्दानी गर्न सक्छौं भन्ने पनि छैन। तसर्थ हामीले केन्द्र सरकारबाट विनियोजित समानीकरण अनुदानमै भर पर्नुपरेको अवस्था छ। खर्चका क्षेत्रहरू बढिरहेका छन् स्थानीय तहमा। आम्दानीको रुपमा वित्तीय व्यवस्थापन ऐनले विनियोजन गरेका शीर्षकका आधारमा स्रोत पठाउने गर्छ। यहाँ समस्या धेरै छन्। त्यहाँ केन्द्रमा बसेर नीति निर्माण गरेर सुविधाजनक ठाउँको विश्लेषण गरेर त्यहाँ नीति बनाइन्छ। केन्द्रमा बसेर बनाइएका नीतिहरूले कतिपय स्थानीय तहका कुना-काप्चामा रहेका सेवाग्राहीहरूलाई, त्यहाँका नागरिकलाई सेवा पुऱ्याउन सक्ने अवस्था छैन। यहाँका आवश्यकता छुट्टै छन्। यहाँ स्थानीय स्रोत पनि छैन। स्रोत पनि सशर्त भनेर धेरै प्रतिशत पठाउने गरिएको छ, त्यो पनि पुरानै ढर्रामा। अहिले आवश्यकताहरू परिवर्तन हुँदै गएका छन्। पुरानै ढर्रामा, पुरानै ढाँचामा माथिबाट आउने स्रोतहरू अपर्याप्त र सांकेतिकरुपमा मात्र आउने गरेका छन्। तसर्थ प्रदेश सरकारले पनि ३ लाख, ५ पाँच लाख, ८ लाख, २० लाखका योजना विनियोजन गर्छ यहाँ ती पनि कुनै सिष्टमले आउँदैनन्। व्यक्तिगत प्रवृत्तिका, कसले के कहाँ पहुँच पुऱ्याउँछ, कसले कुन मन्त्रीलाई भन्छ, कसले कुन कर्मचारीला कन्भिन्स गर्छ, त्यो आधारमा बजेट आउँछ, यहाँक प्राथमिकीकरणका आधारमा योजनाहरू आउँदैनन् एउटा कुराको आवश्यकता छ, अर्को कुराको योजन आइराखेका छन् यहाँ। त्यसलाई पनि मान्न बाध नै छ स्थानीय सरकार। त्यही केन्द्रबाट, प्रदेशबा साना-साना योजना अनुगमन, निर्माण सम्पन्न ग आउने, मूल्यांकन गर्न आउने-जाने छन्, त योजनाभन्दा आउने-जाने खर्च बढी छ। एउ

पाँच लाखको योजना हाल्ने, तीन चोटी इन्जिनियर आउने, तीन चोटी जाने, उनीहरू त्यसै त आउदैनन्। उनीहरूलाई पालिकाले पनि दिनुपर्छ। योजनाको लागतभन्दा त्यसलाई अनुगमन गर्ने, त्यसलाई व्यवस्थापन गर्ने खर्च बढी भइराखेको छ। योजना त उसैले हाले पनि कार्यान्वयनको जिम्मा स्थानीय तहलाई दिंदा पनि राम्रो हुन्थ्यो।

**० स्थानीय तहलाई २२ वटा एकल अधिकार दिइएको छ, कतिपय प्रदेश र संघसँगका साझा अधिकारहरू पनि समेटिएका छन्, ती काम गर्न कतिको सहज छ ?**

साझा अधिकारका कामहरू त हामी केही पनि गर्दैनौं। कतिपय ऐन जमानामा बनेका छन्, तिनमा न त संशोधन भएको छ, न त नयाँ बनेको नै छ। एकात्मक सरकारको पालामा बनेका सरकारहरू अहिले तीन तहका सरकार हुंदा पनि तिनै ऐनहरू प्रयोग भएका छन्। जस्तो भनौं सार्वजनिक खरिद ऐन। त्यो केन्द्रीय स्तरकोलाई मध्यनजर गरेर बनाइएको ऐन हो। त्यहीअनुसार स्थानीय तहका कार्यान्वयन गर्दा व्यवहारिकरुपमा पटक्कै मिल्दै मिल्दैनन्। त्यहाँबाट खर्च भएन भन्ने, बेरुजु निकाल्ने, स्थानीय तहहरूलाई बेरुजुको भोलुम बढी बनाइदिने, यो मिलेको छैन, त्यो मिलेको छैन भनेर भन्ने। त्यो जति नै मिलाए पनि मिल्दै मिल्दैन। तीन तहको सरकार बनिसकेपछि त्यही तहगत आधारमा केन्द्रीय ऐन पनि निर्माण हुनुपर्थ्यो। केन्द्रीय ऐनले निर्देशित गर्ने हो भने तीन तहलाई आधारित बनाएर स्थानीय तहलाई लागू हुने, प्रदेशमा लागि हुने, केन्द्रमा लागू हुने गरी विभिन्न किसिमले ऐन बन्नुपर्थ्यो।

**० आफू निर्वाचित हुनुभन्दा पहिले गरिएको परिकल्पना र दुई-दुई पटक निर्वाचित भएर आइसकेपछि गर्ने भित्रै रहेर गरिने व्यवहारिक कामको बीचमा कतिको भिन्नता पाउनुभयो, सहज वा असहज के छन् ?**

स्थानीय तहलाई जनताको सरकार भनेर जब स्थापित गरियो नि, स्थानीय तहका जनताको इच्छा र अपेक्षा त्यति अत्यधिक छ। तर त्यो स्थानीय तहले प्राप्त गरेको अधिकार र स्रोतले जनताका सम्पूर्ण अपेक्षाहरू एकैसाथ पूरा गर्नसक्ने अवस्था छैन। हामीले स-साना कुराहरू, जस्तो गल्कोट नगरपालिकाका प्रमुख योजनाहरू के हो भनेर भन्नुस् त भन्दाखेरी यही हो भनेर भन्नसक्ने अवस्था छैन। त्यो लेभलका योजनाहरू सबै पूरा भइसकेका छन्। हाम्रो स्रोतले भ्याउने स्थानीय तहका योजनाहरू करिब-करिब पूरा गरिसकेका छौं। अब योजनाहरूको स्तर बढाउनुपर्‍यो, जसका लागि स्रोत हामीसँग छैन।

**० के सुझाव छ तपाईंको आगामी आर्थिक वर्षदेखि बजेट कसरी पठाइदियोस् भन्ने छ ?**

संघीय सरकारले नीति निर्माण गर्दा स्थानीय परिवेशले स्थानीय तहमा नीति निर्माण गर्नुपर्‍यो। त्यहाँको आवश्यकता बल्ल बुझिन्छ। र, कर्मचारी प्रशासनमा जुन निजामति ऐन छ, त्यो ऐनले स्थानीय तहलाई अत्यन्त लंगडो बनाएको छ। दक्ष जनशक्तिको अत्यन्त अभाव छ। हो, जनशक्ति छ तर दक्षताप्राप्ति छैन। संख्यात्मक कर्मचारीतन्त्रले केही पनि गर्दैन, गुणात्मक हुनुपर्छ। यहाँ कहिलकाहीं संख्यात्मक देखिने गुणात्मक नहुने प्रवृत्ति शुरु भएको थियो पहिल्यैदेखि। त्यही कुराकै निरन्तरता छ। एउटा प्रमुख प्रशासकीय अधिकृत केन्द्रले व्यवस्थापन गर्न सकेको छैन हामीलाई। ६ महिना खाली हुन्छ, ३ महिना खाली हुन्छ, बल्ल-बल्ल आएर १५ दिन काम गर्छ, त्यसपछि सरुवा हुन्छ। त्यो हाम्रो काबुमा छैन। प्रमुख प्रशासकीय अधिकृत नभई केही पनि काम गर्न सकिन्न। न त प्रमुख प्रशासकीय अधिकृत आफूले चाहेर रोज्न पाउँछौं, न त हामीले चाहेको समयसम्म थाम्न सक्छौं। स्थानीय तहमा प्रमुख प्रशासकीय अधिकृत पुर्‍याउन संघीय सरकार पूर्ण असफल छ। प्रमुख प्रशासकीय अधिकृत स्थानीय तहको प्रमुखसँग जवाफदेही नभएसम्म स्थानीय तहले केही पनि गर्न सक्दैन।